# तेमाल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं- ०७९/८०

च.नं- ४५२

मितिः२०७९/०८/२१

श्री तेमाल गाउँपालिका अन्तर्गतका

माध्यमिक विद्यालय सबै ।

**विषयः माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रदर्शनी सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ धुलिखेल काभ्रेको च.नं. ३६० मिति २०७९/०८/१२ गतेको पत्रानुसार यही मिति २०७९/०९/०२ गते शिक्षा विकास तथा समन्वय इकाइ धुलिखेलले आयोजना गर्न लागेको १ दिने विज्ञान प्रदर्शनीमा (सहभागी विद्यालयले भौतिक वा अभौतिक वस्तु निर्माण , विज्ञान प्रविधिसम्बन्धि खोज अनुसन्धान, सिर्जनशीलता , आविष्कार आदि प्रस्तुत गर्न) यस गाउँपालिकाबाट १ जना मेन्टर शिक्षक सहित माध्यमिक तहमा अध्ययनरत २ जना विद्यार्थी पठाइदिन लेखी आएको हुँदा सो सम्बन्धमा इच्छुक विद्यालयले कक्षा ९-१२ सम्म अध्ययनरत छात्र छात्रा तथा मेन्टर शिक्षकको नाम तथा प्रदर्शनी सामाग्रीको विवरणसहित यही मंसिर २८ गतेभित्र यस गाउँपालिकाको शिक्षा शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ। थप व्यहोराको लागि शिक्षा विकास निर्देशनालय बागमति प्रदेश हेटौंडा तथा शिक्षा विकास तथा समन्वय इकाइ धुलिखेल काभ्रेको पत्र यसैसाथ संलग्न गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

केदार प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

11/29/22, 12:31 PM

नेपाल सरकार

शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाई

काभ्रेपलाञ्चोक

पत्र सं . २०७९।८०

च.नं.: ३६०

फोन नं.: ०११-४९०११७

मितिः २०७९।०८।१२

श्री स्थानीय तह सबै ( शिक्षा, युवा तथा खेलकुद शाखा )
(धुलिखेल,बनेपा,पनौती,पाँचखाल,नमोबुद्ध,मण्डनदेउपुर,रोशी,बेथानचोक,खानीखोला,तेमाल,चौरीदेउराली,महाभारत,भुम्लु नगरपालिका/गाउँपालिका) काभ्रेपलाञ्चोक।

विषयः माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा विकास निर्देशनालयको च.नं.२०१ मिति २०७९/०७/२१ को प्राप्त पत्रानुसार वैज्ञानिक संस्कारको विकास गर्दै खोज तथा अनुसन्धानमा लागेका विद्यार्थीहरुलाई प्रोत्साहन तथा वैज्ञानिक चेतना अभिवृद्धि गर्न,यस जिल्ला अन्तर्गतका माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी (सहभागी विद्यालयले भौतिक वा अभौतिक बस्तु निर्माण, विज्ञान प्रविधि सम्बन्धि खोज अनुसन्धान,सिर्जनशीलता,आविस्कार आदि प्रस्तुत गर्ने) कार्यक्रम तपसिलको मिति,समय र स्थानमा हुने भएको ले उक्त विज्ञान प्रर्दशनी कार्यक्रममा तहाँ गा.पा/नपाका विद्यालयहरु मध्ये उत्कृष्ट कुनै १(एक) विद्यालयबाट एक जना मेन्टर (शिक्षक) र दुईजना छात्र-छात्रा(छात्रा अनिवार्य) छनोट गरी पठाई सहयोग गरी दिनुहुन अनुरोध छ। साथै प्रथम हुने विद्यालय प्रदेश स्तरीय विज्ञान प्रर्दशनीमा सहभागी हुने छ। सहभागी शिक्षक र विद्यार्थीलाई दैनिक भ्रमण भत्ता,यातायात खर्च उपलब्ध गराउने व्यहोरा समेत जानकारी गरिन्छ। साथै थप जानकारीको लागि निर्देशनालयको पत्र यसै साथ पठाइएको व्यहोरा अनुरोध।

तपसिलः
मितिः२०७९/०९/०२ गते
समयःबिहान ११:०० बजे देखि
स्थानः शिक्षा विकास तथा समन्वय इकाईको कार्यालय,धुलिखेल काभ्रेपलाञ्चोक।

गोकर्णध्वज कार्की
इकाई प्रमुख (उप-सचिव)

बोधार्थः
श्री शिक्षा विकास निर्देशनालय,बागमती प्रदेश,हेटौंडा मकवानपुर।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०७९/०८०
चलानी नं.: २०१

मिति २०७९-०७-२१

विषयः माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय ईकाई
सिन्धुली/रामेछाप/दोलखा/सिन्धुपाल्चोक/रसुवा/धादिङ्ग/नुवाकोट/काठमाडौं/ललितपुर/भक्तपुर/काभ्रेपलान्चोक/मकवानपुर/चितवन

प्रस्तुत विषयमा वैज्ञानिक संस्कारको विकास गर्दै खोज तथा अनुसन्धानमा लागेका विद्यार्थीलाई प्रोत्साहन तथा वैज्ञानिक चेतना अभिवृद्धि गर्नका लागि विद्यालयस्तरदेखिनै प्रर्वद्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिएकोले बागमती प्रदेश अन्तर्गत माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुबीच देहाय बमोजिमको कार्यक्रम सन्चालन गर्ने निर्णय भएको हुँदा देहाय बमोजिम गर्नुहुन अनुरोध छ ।

१. कार्यक्रमको नामः- "माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी" कार्यक्रम

२. कार्यक्रमको उद्देश्यः-
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरु बीच सिर्जनशीलता, खोज, अनुसन्धान, नवप्रवर्तन र व्यवसायिकतालाई प्रवर्द्धन गरी भविष्यमा विज्ञ, व्यवसायिक, सिपयुक्त एवम् स्वावलम्बी नागरिक बन्न सहयोग पुर्याउने,
- विषयवस्तु वा विधामा कुनै भौतिक वा अभौतिक वस्तु बनाउन लगाई सिर्जनशिलताको विकास गर्ने,
- माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई खोज तथा अनुसन्धान मुलक कार्य गर्न प्रेरणा प्रदान गर्ने,
- योग्य र क्षमतावान विद्यार्थीलाई सम्मान तथा कदर गर्ने प्रणालीको विकास गर्ने,
- विद्यार्थीलाई संलग्न गराई ज्ञान तथा सीपप्रति सचेतना बढाई अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहित गर्ने ।

३. कार्यक्रम सन्चालन हुने चरणः-

(क) पहिलो चरणः-
- बागमती प्रदेश भित्रका १३ जिल्लाका शिक्षा विकास तथा समन्वय ईकाईको संयोजकत्वमा त्यस जिल्ला अन्तर्गत रहेका प्रत्येक पालिकाहरुबाट १/१ वटा माध्यमिक विद्यालय छनौट गरी २०७९ पुस ५ गते भित्र माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रर्दशनी आयोजना गर्ने ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०७९/०८०
चलानी नं.:

- विज्ञान प्रर्दशनीका लागि तहाँबाट नै सम्बन्धित पालिकाहरुलाई पत्राचार गरी सबै पालिकाहरुबाट १/१ माध्यमिक विद्यालय सहभागी हुने व्यवस्था मिलाउने।
- तहाँ आयोजना हुने विज्ञान प्रर्दशनीको मिति तय गरी सो को जानकारी यस निर्देशनालयलाई समेत दिनुहुन ।
- कार्यक्रममा प्रर्दशनमा रहेका सामाग्रीहरुलाई जिल्लास्तरीय विज्ञहरुको मुल्याङ्कन समितिले मुल्याङ्कन गराई उत्कृष्ट ४ विद्यालयलाई नगद पुरस्कार प्रदान गरिने ।
- नगद पुरस्कार प्रदान गर्दा देहाय वमोजिम हुनेछः-

| सि.न. | विवरण | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | प्रथम पुरस्कार | १ | ५००० | ५००० |
| २ | द्वितीय पुरस्कार | १ | ३००० | ३००० |
| ३ | तृतीय पुरस्कार | १ | २००० | २००० |
| ४ | सान्त्वना पुरस्कार | १ | १००० | १००० |
| | | | जम्मा | ११००० |

(ख) दोश्रो चरणः-

पहिलो चरणमा प्रथम स्थान प्राप्त गर्न सफल हुने १३ जिल्लाका विद्यालयका विद्यार्थीहरु बीच प्रदेशस्तरमा पुन मिति २०७९ पुस १५ गते भित्र शिक्षा विकास निर्देशनालयले विज्ञान प्रर्दशनी कार्यक्रम आयोजना गर्ने भएकोले सो प्रर्दशनीका मिति, समय र स्थान तय भए पश्चात जानकारी गराईनेछ ।

४. प्रतिष्पर्धामा भाग लिन पुरा गर्नु पर्ने शर्तहरुः- विद्यालयले प्रतिष्पर्धामा भाग लिन देहायका शर्तहरु पुरा गरेको हुनु पर्ने-

- हरेक समूहमा एक मेन्टर (शिक्षक) को व्यवस्था भएको हुनुपर्ने,
- एक समूहमा मेन्टर (शिक्षक) वाहेक २ जना विद्यार्थी (१ छात्रा अनिवार्य) हुनु पर्ने,
- प्रर्दशनीहुने सामाग्री Physics, Chemistry, Biology विषयसँग सम्बन्धित हुनु पर्ने ।